आज मिति २०८१/०९/०३ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको छैठौं बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री जोकलाल बुढा | अध्यक्ष तमानखोला गाउँपालिका | अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल | उपाध्यक्ष तमानखोला गाउँपालिका | सदस्य |
| श्री थम बहादुर रोका | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. १ | सदस्य |
| श्री नारायण सुनार | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. २ | सदस्य |
| श्री झक बहादुर बुढा | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ३ | सदस्य |
| श्री छ प्रसाद श्रीपाली | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ४ | सदस्य |
| श्री हिरा बहादुर वि.क. | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ५ | सदस्य |
| श्री चित्र बहादुर छन्त्याल | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ६ | सदस्य |
| श्री देवसरा वि.क. | कार्यपालिका सदस्य | सदस्य |
| श्री मन कुमारी बुढाथोकी | कार्यपालिका सदस्य | सदस्य |
| श्री भिम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मिना कुमारी कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | सदस्य |
| श्री ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री ईश्वरलाल शाक्य | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

अन्य उपस्थिति :-

| | |
|---|---|
| श्री मुना विश्वकर्मा | प्रशासन सहायक पाँचौ |

CS CamScanner

**आज मिति २०८१/०९/०३ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :-**

**प्रस्ताव नं.१ :**
अघिल्लो बैठकका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
**प्रस्ताव नं.२ :**
तमानखोला गाउँपालिकाको दोस्रो गाउँसभाको छैटौं अधिवेशन सम्बन्धमा ।
**प्रस्ताव नं.३ :**
तमानखोला गाउँपालिकाको हलगोरुपालन प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्बन्धमा ।
**प्रस्ताव नं.४ :**
तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को आय-व्यय प्रक्षेपण सम्बन्धमा ।

CamScanner

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडिको कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा व्यापक छलफल सहित समिक्षा साथै प्रभावकारी कार्यान्वयन गर्नका लागि तत्कालै आवश्यक प्रक्रिया अगाडी बढाउन सबैले जोड दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिकाको दोस्रो गाउँसभाको छैटौ अधिवेशन मिति २०८१/०९/१० गतेका दिन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिकाको हलगोरुपालन प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व.२०८२/०८३ का लागि आवश्यक पर्ने आय र व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण संघीय अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यबस्था बमोजिम तमानखोला गाउँपालिकाको राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुसुची - १ को ढाँचाामा तयार गरेको विवरणलाई सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

CamScanner